## नरहरिनाथ गाउँपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड : ७ | संख्या : २ | मिति : २०८०/१०/०५ |

### भाग–१

## नरहरिनाथ गाउँपालिका

कुमालगाउँ, कालिकोट

कर्णाली प्रदेश, नेपाल

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम नरहरिनाथ गाउँपालिकाको गाउँ सभाबाट मिति २०८०/१०।०५ गते स्विकृत गरेको ऐन सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

# "नरहरिनाथ गाउँपालिकाको

# वन ऐन, २०८०"

**प्रस्तावना** : प्राकृतिक स्रोत साधनको संरक्षण, विकास र दिगो व्यवस्थापन गर्दै वनको परम्परागत रूपमा संरक्षण, भोगचलन, गर्दै आईरहेका समुदाय वनक्षेत्रमा आश्रित समुदायको वन व्यवस्थापन र लाभको बाँडफाडमा प्रतिनिधित्व र पहुँच सहितको अधिकारलाई संरक्षण गर्दै, नेपालको संविधानमा उल्लेखित वनमाथिको स्थानीय समुदायको अग्राधिकारलाई व्यवहारिक रूपमा प्रत्याभूत गराउदै वनको दिगो व्यवस्थापन, न्यायोचित वितरणको माध्यमबाट स्थानीय समुदायको आर्थिक, सामाजिक, वातावरणीय क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउदै दिगो विकासको लक्ष्य प्राप्त गर्न थप योगदान पुऱ्याउन वन व्यवस्थापन सम्वन्धी आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा ५१ को उपधारा (छ) बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ को ङ (२) र (५) अनुसारको व्यवस्था कार्यन्वयन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ अनुसार यस नरहरिनाथ गाउँपालिकाको गाउँ सभाले स्थानीय वन ऐन २०८० बनाएको छ ।

# परिच्छेद-१

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यस ऐनको नाम "नरहरिनाथ गाउँपालिकाको वन ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन राजपत्रमा प्रकाशित भए पश्चात् लागू हुनेछ ।

२. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "वन" भन्नाले पूर्ण वा आंशिक रूपमा रुखहरूले ढाकिएको विद्यमान अवस्थामा रहेको सामुदायिक वन, धार्मिक वन, कृषि वन, वृक्षारोपण, सीमसार क्षेत्र, प्रथाजनित रूपमा व्यवस्थापन गरिएको वन र पारिवारिक-निजि वन समेतलाई सम्झनु पर्छ ।

(ख) स्थानीय वन ऐन २०८० भन्नाले यस नरहरिनाथ गाउँपालिकाको गाउँ सभाले पारित गरेको वन ऐन २०८० सम्झनु पर्दछ ।

(ग) "सामुदायिक वन उपभोक्ता महासंघ नेपाल भन्नाले दफा १८ मा उल्लेख गरिए बमोजिम गठन हुने सामुदायिक वनहरुको प्रतिनिधि मूलक संगठन सम्झनुपर्दछ ।

(घ) "प्राकृतिक स्रोत साधन" भन्नाले जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि जस्ता प्राकृतिक रूपमा प्राप्त श्रोत साधनलाई सम्झनु पर्छ ।

(ङ) "परम्परागत रूपमा संरक्षण, भोगचलन" भन्नाले पुस्तौ पुस्तादेखि परम्परागत ज्ञान, सीप र विधिबाट वनको व्यवस्थापन, संरक्षण, विकास तथा त्यस्तो वनबाट प्राप्त हुने वन पैदावारहरूको सदुपयोग वा भोगचलनको निरन्तरतालाई सम्झनु पर्छ ।

(च) "वनमाथिको पहुँच" भन्नाले नीति निर्माण, संरक्षण संवर्द्धन र सदुपयोग गर्ने अधिकारलाई सम्झनु पर्छ ।

(छ) "वनमाथिको स्वामित्व" भन्नाले परम्परागतरूपमा संरक्षण, भोगचलन, गर्दै वनक्षेत्रको आसपासमा बसोबास गर्ने स्थानीय समुदायको सामुहिक स्वामित्वलाई सम्झनुपर्छ ।

(ज) "वन अधिकार" भन्नाले परिच्छेद २ मा उल्लेखित वनसम्बन्धी अधिकारलाई सम्झनु पर्छ ।

(झ) "स्थानीय समुदाय" भन्नाले वनक्षेत्रसंग सीमाना जोडिएको वनक्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित,अल्पसंख्यक नरहरिनाथ गाउँ बासी सम्झनुपर्दछ ।

(ञ) "अधिकारवाला" भन्नाले यस ऐन बमोजिम वन अधिकार प्राप्त हुनेव्यक्ति, परिवार वा समुदायसम्झनु पर्छ ।

(ट) "वन क्षेत्र" भन्नाले निजी स्वमीत्व वाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, नांङ्गो पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, बगरले ओगटेको क्षेत्र सम्झनु पर्छ ।

(ठ) "वन पैदावार" भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली, वा रुख, पात, फल, फूल, मौवा, चिराइतो, च्याउँ र सबै प्रकारका जङ्गली जडीबूटी, वनस्पती तथा तीनका विभिन्न भाग वा अङ्ग, वा चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा, वा पशुपन्छी, वन्यजन्तु र वन्यजन्तुको आखेटोपहार सम्झनु पर्छ ।

(ड) "सामुदायिक वन" भन्नाले सामुहीक हीतको लागि वनको विकास संरक्षण र उपयोग गर्न उपभोक्ता समुहलाइ सुम्पीएको राष्ट्रिय वन सम्झनु पर्छ ।

(ढ) "पारिवारिक निजी वन" भन्नाले व्यक्तीको स्वामित्वमा रहेको जग्गामा रहेको वनलाई सम्झनु पर्छ ।

(ण) "परम्परागत उपभोक्ता, जीवन पद्धति" भन्नाले जीवनयापनको लागि परापूर्वकालदेखि स्थानीय रीतिरिवाज, संस्कृति, मौलिक परम्परा, अनुसार पेशा र अभ्यासको आधारमा निश्चित वनक्षेत्र उपभोग गर्दै आएका समुदायलाई सम्झनुपर्दछ ।

(त) "सामुदायिक वन उपभोक्ता समुह" भन्नाले सामुदायिक वनको संरक्षण, व्यवस्थापन, भोगचलनका लागि गठन हुने उपभोक्ता समुहलाई सम्झनु पर्छ ।

(थ) "सामुदायिक वन उपभोक्ता समिति" भन्नाले समुदायिक वन उपभोक्ता समुहको साधारण सभाले चयन गरेको कार्य समितिलाई जनाउने छ ।

(द) "उद्योग" भन्नाले यस ऐन बमोजिम बन वा वन पैदावारमा आधारित उत्पादनमुलक व्यवसाय भन्ने सम्झनुपर्दछ ।

(ध) "सम्बन्धित अधिकारी" भन्नाले यस ऐन र प्रचलित कानून बमोजिम कर्तव्य निर्वाह गर्ने अख्तियार प्राप्त अधिकारी सम्झनु पर्दछ ।

(न) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(प) "वातावरणीय सेवा" भन्नाले वन संरक्षण गरेर पानीका मूहान संरक्षण वापत स्वच्छ पानी, स्वच्छ हावावाट पाईने सेवा सम्झनु पर्छ ।

# परिच्छेद-२

# सामुदायिक वनको स्वामित्व, वन अधिकार र दायित्व

१. सामुदायिक वनको रूपमा स्वामित्व प्राप्त गर्नेः- (१) परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेको राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिम सामुदायिक वनको रूपमा स्वामित्व प्राप्त गर्ने र त्यस्तो वनको दिगो वन व्यवस्थापन र नियन्त्रण गर्ने अधिकार स्थानीय समुदायलाई हुनेछ ।

२. उपदफा (१) बमोजिमको वन क्षेत्र स्थानीय समुदायको पूर्व सूसुचित मञ्जुरी बिना सामुदायिक वन वा अन्य कुनै प्रयोजनको लागि स्थानीय सरकारले अन्य व्यक्ति, कम्पनी वा समुदायलाई दिन पाईने छैन ।

३. उपदफा (१) बमोजिमको वन क्षेत्रमा सार्वजनिक हितको लागि स्थानीय समुदायको हितमा असर नपर्ने गरी स्थानीय समुदाय वा सामुदायिक वन उपभोक्ता समूह को पूर्व स्विकृतिमा स्थानीय सरकारले प्रयोगमा ल्याउन उपदफा (२) को व्यवस्थाले कुनै वाधा पुगेको मानिने छैन । उपदफा (३) बमोजिम सामुदायिक वनलाई अन्य प्रयोजनको लागि प्रयोगमा ल्याउँदा सम्बन्धित समुदायलाई पर्न गएको सामाजिक, आर्थिक, भौतिक, जैविक विविधताको क्षति मूल्यांकन गरी उचित क्षतिपूर्ति दिनु पर्नेछ ।

४. सामुदायिक वनमा उपभोक्ताको अधिकार : सामुदायिक वनमा समुदायिक रूपमा स्थानीय समुदायले देहाय बमोजिमका वन सम्बन्धी अधिकारहरू प्राप्त गर्नेछन् :

(क) स्थानीय समुदाय एक आपसमा भेला भई आफ्नो क्षेत्रको वनको दीगो व्यवस्थापन जैविक विविधताको संरक्षण, संम्बद्धन र उपयोग गर्नका लागि सामुदायिक वन व्यवस्थापन समूह गठन गर्ने,

(ख) वनक्षेत्रमा रहेको खानेपानी तथा सिंचाईको मुहान, वनपैदावारहरू प्राप्त तथा उपभोग गर्ने ।

(ग) सामुदायिक वनबाट आधारभूत आवश्यकता पुरा गरि बढी भएका वन पैदावारको स्वतन्त्र रूपमा मूल्य निर्धारण सहित बिक्री वितरण गर्ने।

(घ) सामुदायिक वनक्षेत्र भित्रको खोला, पानीको मुहान, कार्बन संचितीकरण तथा भण्डारण लगायत वातावरणीय सेवा बापतको लाभ प्राप्त गर्ने,

(ङ) वनक्षेत्र भित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, व्यवस्थापन र सदुपयोग गर्ने,

(च) सामुदायिक वनको दिगो व्यवस्थापनको लागि सामुदायिक वन उपभोक्ता समुह, सामुदायिक वन उपभोक्ता समिति र आवश्यकता अनुसारको उपसमितिहरू गठन गर्ने तथा कार्यविधि वनाई काम गर्न सक्ने,

(छ) सामुदायिक वनको दिगो व्यवस्थापनको लागि आवश्यक कार्ययोजना वनाई लागू गर्ने, गराउने,

(ज) वन व्यवस्थापन र अन्य कार्यहरूबाट प्राप्त हुने लाभ र त्यस्तो लाभ वनको विकास, गरिबी न्यूनीकरण, महिला, आदिवासी जनजाति, दलित, अल्पसंख्यक लगायतका आर्थिक सामाजिक रूपमा पछाडि पारिएका समुदायको क्षमता विकास, युवा तथा बालबालिकाको उथान, स्थानीय सामुदायिक तथा सांस्कृतिक विकास आदिमा बाँडफाड र प्रयोग गर्न, तर, स्थानीय समुदायको निर्णयले त्यस्तो लाभ सामुदायिक वन व्यवस्थापन समूहहरू, सामुदायिक वन उपभोक्ता महासंघ र निजी वनको संस्थागत तथा पैरवी क्षमता अभिबृद्धिमा लगानी गर्न सक्नेछन् ।

(झ) वन व्यवस्थापनका लागि स्थानीय सरकार, प्रादेशीक सरकार र संघीय सरकारको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने,

(ञ) उपभोक्ता समूहले आवश्यकता अनुसार स्वतन्त्र रुपले सरकारी, गैरसरकारी, निजी क्षेत्र र विज्ञहरूबाट सेवा र अनुदान लिन सक्ने,

(ट) वनमा आधारित उद्योग आदिलाई बैंक वा वित्तिय संस्थामा धितो सुरक्षण राखी उपभोक्ता समुहले ऋण लिई दिगो वन व्यवस्थापन र वन उद्यम विकास गर्ने

(ठ) वनलाई समय सापेक्षित रूपमा स्थानीय समुदायको जीविकोपार्जनमा टेवा पुऱ्याउन पर्यावरण, कृषि वन, पशुपालन, वन्यजन्तु पालन, जडिबुटी, उद्यम, चिडियाखाना जस्ता वनउद्यम सम्बन्धी कृयाकलापहरू संचालन गरी लाभ प्राप्त गर्ने,

(ड) सामुदायिक वनश्रोतको शुल्क निर्धारण गरी असुल उपर गर्ने, शुल्क छुट वा मिनाहा दिने,

(ढ) वनको भौगोलीक बनौट, भिरालोपन र माटोको किसिम अनुसार वन कार्ययोजनामा तोकिए बमोजिम वन सम्वर्धन (गोडमेल, हाँगा काँटछाट, झाडी सफाइ, पतल्याउने र रुख कटान आदि पद्धति अपनाउने) वन विकास र संरक्षण गर्ने,

(ण) कार्बन सञ्चिती, जैविक विविधताको संरक्षण, जलचक्र प्रणाली, पर्यापर्यटन जस्ता वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने वातावरणीय सेवाबाट लाभ प्राप्त गर्ने

(त) सामुदायिक वनक्षेत्रमा रहेको खानेपानीको मुहान, खानी, सिंचाईगर्ने खोला वा ताल वा पोखरी आदिको मुहान, ढुङ्गा, रोडा, बालुवा, माटो लगायतका प्राकृतिक श्रोत साधनको दिगो वन व्यवस्थापन कार्ययोजना मुताविक वनवातावरणमा प्रतिकुल असर नपर्ने गरी बिक्रिवितरण, उपयोग, उपभोग, श्रोत प्रयोग बापतको दस्तुर लिने ।

५. सामुदायिक वन उपभोक्ता समुहको सदस्यको हैसियतले प्रत्येक घरधुरी माफर्त व्यक्तिगत रूपमा देहाय बमोजिमका वन सम्बन्धी अधिकारहरू प्राप्त गर्नेछन् :

(क) सामुदायिक वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने कार्यमा सहभागि हुने,

(ख) वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधन र वनपैदावारहरू तोकिए बमोजिम प्राप्त गर्ने,

(ग) सामुदायिक वन उपभोक्ता समुहमा सहभागी हुने र नेतृत्व लिने एवं निर्णय प्रकृयामा भाग लिने,

(घ) सामुदायिक वनबाट प्राप्त लाभको हिस्सा प्राप्त गर्ने,

(ङ) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, उपभोग र व्यवस्थापनमा भाग लिने ।

६. सामुदायिक वन संरक्षण तथा व्यवस्थापनमा नियमित रूपमा सहभागी हुन नसक्ने टाढाका उपभोक्ताहरूलाई उनीहरूले वन संरक्षणमा पुऱ्याउने योगदान र वनश्रोतको उपयोगको आधारमा वर्गीकरण गरी सामुदायिक वनबाट देहाय बमोजिमका अधिकारहरू प्रात हुनेछन् :

(क) सामुदायिक वनबाट वनपैदावार सहुलियत दरमा प्राप्त गर्ने,

(ख) सामुदायिक वनबाट प्राप्त लाभ तोकिए बमोजिम प्राप्त गर्ने ।

(ग) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको उपभोग गर्न पाउने,

**७. वनमा आधारित उद्यम विकासः-** (१) सामुदायिक वनश्रोतको प्रयोग गरी वनपैदावारमा आधारित उद्योगहरू सामुदायिक वन उपभोक्ता समुह आफैले वा स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार वा निजी क्षेत्रसंग सम्झौता गरी वा तेस्रो पक्षसंग सम्झौता गरी व्यवसायिक रूपमा संचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको वनमा आधारित उद्योगले सामुदायिक वा निजी वनक्षेत्रको काठजन्य, पानीजन्य वा गैरकाठजन्य, जडिबुटीजन्य, चिडियाखाना, वन्यजन्तुको पालन, लगायत अन्य वनपैदावार वा वन्यजन्तुमा आधारित उत्पादनहरू व्यावसायीक रूपमा गर्ने र त्यस्तो उत्पादन बिक्रिबितरण गर्न सक्नेछन् ।

(३) उपदफा (१) र (२) बमोजिम तेस्रोपक्षलाई सामुदायिक उद्योग संचालन गर्नको लागि अनुमति दिँदा प्रतिस्पर्धात्मक आधारमा समुदायले प्रत्यक्षरूपमा लाभ प्राप्त गर्ने गरी दिनु पर्नेछ । यसरी उद्यम संचालन गर्नको लागि तेस्रोपक्ष छनोट गर्दा समुदाय भित्रकै व्यक्ति, कम्पनी वा संस्थालाई उच्च प्राथमिकता दिनु पर्नेछ ।

(४) एक सामुदायिक वन एक उद्यमलाई प्राथमिकता दिनु पर्नेछ ।

८. **सामुदायिक वनमा उपभोक्ता समुहको उत्तरदायित्वः-** सामुदायिक वनमा उपभोक्ता समुहको उत्तरदायित्व देहाय बमोजिम हुनेछन् :

(क) यस ऐन र सम्बन्धित तहबाट जारी गरेको निर्देशिकाको अधिनमा रहि सामुदायिक वनश्रोतको वातावरणीय रूपमा दिगो व्यवस्थापन गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(ख) यस ऐन, नियमावली र सम्बन्धित तहबाट जारी गरेको निर्देशिकाको अधिनमा रहि सामुदायिक वन व्यवस्थापन कार्ययोजना बनाउने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(ग) सामुदायिक वन व्यवस्थापनमा स्थानीय समुदायको पूर्ण (व्यक्तिगत, घरधुरी, सामुहिक, समानुपातिक समावेशी) रूपमा सहभागिता गराउने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(घ) सामुदायिक वनश्रोतको पारदर्शी, उत्तरदायी ढंगले व्यवस्थापन गर्ने सुनिश्चित गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(ङ) सामुदायिक वन व्यवस्थापन कार्ययोजना अनुरुप सामुदायिक वनश्रोतको प्रभावकारी रूपमा व्यवस्थापन भए नभएको सन्दर्भमा स्थानीय सरकारमा तोकिए बमोजिम आवधिक प्रतिवेदन पेश गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(च) समुदायबाट व्यवस्थापन गरिएको सामुदायिक वनश्रोतको आय र अन्य लाभबाट सामुदायिक वन उपभोक्ता समुहको साधारण सभा र

साधारणसभाले कार्यसमितिलाई तोके बमोजिम समुदायको विकासमा योगदान गरेको छ भन्ने सुनिश्चितता दिने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(छ) दिगो वन व्यवस्थापन गरी वनपैदावारको उत्पादनमा वृद्धि ल्याउन चरिचरन, आगलागी, चोरी कटानी, अतिक्रमण आदिबाट सामुदायिक वनलाई जोगाई सामुदायिक वन संरक्षण गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(ज) सामुदायिक वनक्षेत्रको झाडी सफाई र खाली ठाउँमा वृक्षारोपण गर्ने, प्राकृतिक पुनरुत्पादनको व्यवस्थापन गर्ने, उपयुक्त वन सम्बर्धन प्रणाली (एक्ल्याउने, बाक्लो वन पत्ल्याउने, रोग लागेका तथा सुकेका रुखहरू हटाउने जस्ता कार्य) अपनाई वनको हैसियतमा सुधार्दै लैजाने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

**९. सामुदायिक वनबाट प्राप्त लाभको बाँडफाड सम्बन्धी व्यवस्थाः—** सामुदायिक वनबाट प्राप्त वन पैदावार उपयोग तथा विक्री वितरणबाट प्राप्त लाभको बाँडफाड देहाय बमोजिम गरिनेछ ।

(क) सामुदायिक वनको वन पैदावार बिक्री वितरण तथा वनश्रोतबाट प्राप्त रकम सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाले तोके बमोजिम बाँडफाँड गर्नेछ,

(ख) बाँडफाड गर्दा विपन्न वर्ग र महिलाको विकासमा ४० प्रतिशत र सामाजिक विकास र वन विकासमा ६० प्रतिशत हुनेछ ।

**१०. सामुदायिक वनको स्वामित्व खोस्न नसक्ने :** (१) समुदायले प्राप्त गरेको सामुदायिक वन र त्यस्तो सामुदायिक वनक्षेत्रको स्वामित्व फिर्ता लिने र वन उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्नेछैन । तर, देहायको कार्य गरेमा सामुदायिक वनउपभोक्ता समुहलाई सचेत बनाई त्यस्तो कार्य नगर्न नगराउन गाउँपालिकाले आवश्यक निर्देशन दिन र आवश्यक कारबाही गर्न सक्ने छ ।

(क) सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानूनले निषेध गरेको कार्य गरेमा,

(ख) सामुदायिक वन उपभोक्ता समुहले वन व्यस्थापन कार्य योजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा,

(ग) सामुदायिक वनको वास्तविक हैसियत खस्कने वा वन संरक्षणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा,

(घ) स्थानीय वन ऐन २०७७ अनुसार कार्य नगरेमा,

(२) उपदफा (१) बमोजिम वन उपभोक्ता समूहलाई सचेत गराउने लगायतका आवश्यक कारबाही गर्दा सफाई पेश गर्ने उचित मौका दिइनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, सदस्य वा कुनै व्यक्तिले समुदायको हितको नाममा सामुदायिक वन उपभोक्ता समुहको विधान, कार्ययोजना र समुदायको हित बिपरित कुनै काम कारबाही गरेमा त्यस्तो पदाधिकारी, सदस्य वा व्यक्तिलाई उपभोक्ता समुहको विद्यान, कार्ययोजना र नीति नियम अनुसार कारबाही गर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी वा सदस्यले यस ऐन वा प्रचलित ऐन विपरित कार्य गरेमा यस ऐनमा तोकिए जतिमा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

## ११. स्थानीय समुदायसंग स्वतन्त्र, पूर्व सू-सुचित मञ्जुरी लिनु पर्नेः-

(१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले देहाय बमोजिमका निर्णय लिनुपूर्व सामुदायिक वन उपभोक्ता समूहको अनिवार्यरूपमा स्वतन्त्र, पूर्व सू-सुचित मञ्जुरी लिनु पर्नेछ ।

(क) सामुदायिक वनलाई वनको रूपमै संरक्षण र व्यवस्थापनमा निरन्तरता नदिई अन्य कुनै सार्वजनिक हितको लागि प्रयोग गर्न,

(ख) सामुदायिक वन उपभोक्ता समुहलाई प्रभावित पार्ने कुनै योजना तर्जुमा गर्दा, कार्यान्वयण गर्दा वा नीति नियमहरू निर्माण गर्दा,

(२) राष्ट्रिय रूपमा वन अधिकार र प्राकृतिक श्रोत साधनसंग सम्बन्धित ऐन र कानून, नीति तथा कार्यक्रमहरू निर्माण गर्दा त्यस्तो ऐन र कानून, नीति तथा कार्यक्रमहरूले कुनै जाति, वर्ग वा समुदायलाई प्रभावित पार्ने देखिएमा सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि/महासन्धि, घोषणा-पत्र र सम्झौता र नेपाल सरकारले व्यक्त गरेका प्रतिबद्धताहरूमा उल्लेखित व्यवस्थाहरूको अधिनमा रहि नेपाल सरकार लगायत सम्बन्धित तहले त्यस्तो समुदायको अख्तियार प्राप्त प्रतिनिधिहरूसंग अनिवार्य रूपमा स्वतन्त्र, पूर्व सू-सुचित मञ्जुरी (Prior Inform) लिईनेछ ।

(३) उपदफा (१) बमोजिम स्थानीय समुदायसंग र उपदफा (२) बमोजिम विभिन्न जाति, बर्ग वा समुदायसंग नेपाल सरकार लगायत सम्बन्धित तहले स्वतन्त्र, पूर्व सू-सुचित मञ्जुरी (Prior Inform) नलिई कुनै काम कारबाही गरेको कारण त्यस्तो समुदायलाई भौतिक, अभौतिक, मनोवैज्ञानिक लगायतका कुनै पनि प्रकारको क्षति पुग्न गएमा उचित क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सम्बन्धित समुदायलाई हुनेछ ।

**१२. सहभागिता र प्रतिनिधित्व सम्बन्धी व्यवस्थाः** (१) जल, जंगल र जमिन लगायतका प्राकृतिक श्रोत र साधनसँग सम्वन्धित स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यकको यस ऐन बमोजिमको अधिकार वा वन सम्बन्धी उनीहरूको परम्परागत ज्ञान, सीप र जीवनशैलीमा प्रभावित पार्ने स्थानीय रूपमा स्थानीय नीति नियम, कार्यक्रमहरू तर्जुमा गर्दा त्यस्तो समुदायलाई अनिवार्य रूपमा सहभागि गराईने छ ।

(२) समुदायमा आधारित वनको स्थानीय तहको उपभोक्ता समितिहरूमा आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक, सीमान्तकृत समुदायको समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गर्न पाउने अधिकार हुनेछ । यसरी प्रतिनिधित्व गराउदा समानुपातिक समावेशी सिद्धान्तको आधारमा निर्णायक तह (पदाधिकारी) लगायतमा सबै

समुदायका महिलाको प्रतिनिधित्व हुने गरी कम्तिमा ५० प्रतिशत महिलाको प्रतिनिधित्वको सुनिश्चित गराईने छ ।

(३) उपदफा २ बमोजिमको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता तुल्याउदा समेत समुदायको गरिब, बिपन्न, दलित वा अल्पसख्यक समुदायको उचित प्रतिनिधित्व हुन नसकेमा स्थानीय समुदायको आवश्यकताका आधारमा त्यस्तो समुदायलाई बिशेष संरक्षण सहितको प्रतिनिधित्वको व्यवस्था गर्न सक्नेछ ।

**१३. सामुदायिक वनलाई प्राथमिकता दिनु पर्ने :** (१) सामुदायिक वनको रूपमा उपभोक्ता समूहलाई स्वामित्व दिई सुम्पन उपयुक्त हुने राष्ट्रिय वनको कुनै पनि भागलाई कबुलियती वन लगायत अन्य प्रयोजनको लागि प्रयोग गर्न दिइने छैन ।

(२) सामुदायिक वन, प्रथाजनित व्यवस्थित वन क्षेत्रलाई स्थानीय सरकारले प्राथमिकता प्राप्त क्षेत्रको रूपमा राखुपर्नेर्छ ।

**१४. राष्ट्रिय वनमा प्राप्त हुने सामुदायिक अधिकार :** (१) राष्ट्रिय वन र सिमसार क्षेत्र लगायत नेपाल सरकारको संरक्षण र व्यवस्थापनमा रहेका राष्ट्रिय वनमा त्यस्तो वन क्षेत्रसंग सिमाना जोडिएको वा त्यस्तो वन क्षेत्रको आसपासमा बसोबास गर्ने समुदायले देहायको अधिकारहरू निर्वाध रूपमा उपभोग गर्न पाउँनेछन् :

(क) परम्परागत रूपमा सार्वजनिक बाटोको रूपमा उपभोग गर्दै आईरहेको राष्ट्रिय वनक्षेत्र भित्र पर्ने बाटोमा आवत जावत गर्ने,

(ख) परम्परागत रूपमा उपभोग गर्दै आईरहेको खानेपानीको श्रोत, सिंचाईको श्रोत, खोला लगायतका पानीको मुहानहरूको निर्वाध रूपमा निरन्तर उपभोग गर्ने,

(ग) परम्परागत रूपमा वनपैदावारको श्रोतको रूपमा उपभोग गर्दै आईरहेको वनक्षेत्र भित्रबाट वनको हैसियत नबिग्रने गरी संरक्षण र व्यवस्थापन

समेत गरी त्यस्तो वनक्षेत्रबाट वन पैदवार निर्वाधरूपमा प्रयोग गर्ने र त्यस्तो वन पैदावारको बिक्रि बितरणबाट लाभ प्राप्त गर्ने,

(घ) परम्परागत रूपमा चरिचरण, पशुचरण गर्दै आईरहेको क्षेत्रमा वनको हैसियत नबिग्रने गरी चरिचरण, पशुचरणको रूपमा उपभोग गर्ने,

(ङ) राष्ट्रिय वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूमा निर्वाध रूपमा आवतजावत गर्ने, त्यस्तो स्थलको संरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्ने,

(च) राष्ट्रिय वन क्षेत्रभित्रका वन्यजन्तुले मानवीय, घरपालुवा जनावार र स्थानीय समुदायको वालिनालीमा क्षति पुऱ्याएमा त्यस्तो क्षतिको मनासिब माफिकको क्षतिपूर्ति सम्वन्धि निकायबाट प्राप्त गर्ने,

(छ) राष्ट्रिय वनमा कार्बनको संचितिकरण र भण्डारण गरेबापतको लाभ प्राप्त गर्ने र त्यस्तो लाभ सामुदायिक हितमा प्रयोग गर्ने,

(ज) सिमसार क्षेत्र र राष्ट्रिय वनको व्यवस्थापनमा प्रत्यक्ष रूपमा सहभागी हुने,

(२) उपदफा (१) को खण्ड (क),(ख), (ग) र (घ) मा उल्लेखित स्थानीय समुदायको परम्परागत भोगमा रहेको बाटो, पानीको मुहान, वनपैदावार, चरिचरण र पशुचरणको लागि उपभोग गर्दै आईरहेको वनक्षेत्र वा श्रोतको सार्वजनिक हितको लागि प्रयोग गर्नु पर्ने देखिएमा गाउँपालिकाले स्थानीय समुदायको पूर्व सुसुचित मञ्जुरी लिई त्यस्तो वनक्षेत्र सार्बजनिक हितको लागि प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बाटो, प्राकृतिक श्रोत साधन, ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूलाई उपदफा (२) बमोजिम प्रयोग गर्दा स्थानीय समुदायलाई आवश्यक पर्ने त्यस्तो सार्बजनिक बाटो वा प्राकृतिक श्रोत साधनको वैकल्पिक व्यवस्था गाउँपालीकाले तत्काल मिलाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बाटो, प्राकृतिक श्रोत साधन, ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरू उपदफा(२) बमोजिम अन्य कार्यमा प्रयोग गर्दा सम्बन्धित समुदायलाई पुग्न गएको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, भावनात्मक क्षति समेतलाई मध्यनजर राखि सम्बन्धित समुदायलाई गाउँपालिकाले उचित क्षतिपूर्ति दिनु पर्नेछ ।

# परिच्छेद-३

# वन दर्ता र हस्तान्तरण

## १५. सामुदायिक वन तथा अन्य वन दर्ता र हस्तान्तरण :

(१) साविकमा दर्ता तथा हस्तान्तरण भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, पारीवारीक निजी वनहरु यसै ऐन द्धारा सन्चालन व्यवस्थापन हुनेछन ।

(२) दर्ता तथा हस्तान्तरण नभएका वन क्षेत्रलाई सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, पारीवारीक नीजि वनहरु दर्ता तथा हस्तान्तरण गरी यसै ऐन द्धारा सन्चालन तथा व्यवस्थापन हुनेछन् ।

# परिच्छेद-४

# सामुदायिक वन सम्बन्धी व्यवस्था

**१६. सामुदायिक वन सुम्पने :** (१) उपभोक्ता समूहले कार्ययोजना वमोजिमको संरक्षण, सम्बर्धन, उपयोग व्यवस्थापन गर्न तथा स्वतन्त्ररुपले वन पैदावारको मुल्य निर्धारण गर्ने गरी विक्री वितरण गर्न पाउने गरी गाउँपालिकाले अफ्नो क्षेत्र भित्रका वनको कुनै भाग सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरणको प्रमाण पत्र दिने छ ।

(२) उपदफा १ को प्रयोजनको लागि स्थानीय सरकारले उपभोक्ता समूह परिचालन गरी तोकिए बमोजिमको उपभोक्ता समूह गठन र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउनेछ ।

**१७. कार्ययोजना संशोधनः** (१) उपभोक्ता समूहले वन व्यवस्थापन सम्बन्धी कार्ययोजना आवश्यकता अनुसार समायनुकुल परिमार्जन गर्न सक्नेछ ।

(२) दफा १६ बमोजिम उपभोक्ता समूहले कार्ययोजनामा गरेको परिमार्जन वातावरणमा प्रतिकुल असर पर्ने देखिएमा स्थानीय सरकारले यस्तो परिमार्जनको जानकारी प्राप्त भएको ३० दिन भित्र सो परिमार्जन लागु नगर्न निर्देशन दिनेछ ।

**१७.उपभोक्ता समूहको दर्ताः** (१) यस ऐन बमोजिम गठन गरिएको उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ताको विधान सहित स्थानीय सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दर्खास्त पर्न आएमा स्थानीय सरकारले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई तोकिए बमोजिम दर्ता गरी दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(३) हाल वन ऐन २०४९ अनुसार दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, पारीवारीक नीजि वनहरु एक बर्ष भित्र स्थानीय सरकारमा सूचिकृत गर्नुपर्नेछ । त्यस्ता समूहलाई स्थानीय सरकारले प्राविधिक तथा आर्थिक सहयोग गर्नुपर्नेछ ।

**१८.उपभोक्ता समूह संगठित संस्था रहने :** (१) सामुदायिक वन उपभोक्ता समूहहरु अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुने छन् ।

(२) समूहको छुट्टै छाप हुनेछ ।

(३) समूहको आफ्नै टाँचा हुनेछ ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ती प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमको बन्दोवस्त गर्न पाउनेछ ।

(५) उपभोक्ता समूहले व्यक्ति सरह नालिस उजुर गर्न सक्नेछ ।

**१९. प्रतिवेदन दिनुपर्ने :** सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, पारीवारीक निजी वनहरुले प्रत्येक बर्ष आर्थिक बर्ष समाप्त भएको दुई महिना भित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सामुदायिक वनको स्थिति समेत खुलाई आफ्नो क्रियाकलापको वार्षिक प्रतिवेदन नरहरिनाथ गाउँपालिका तथा सामुदायिक वन उपभोक्ता महासंघ नेपालमा पेश गर्नुपर्नेछ ।

**२०. उपभोक्ता समूहको कोष :** (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ । कोषमा देहायका रकम जम्मा हुनेछ ।

(क) संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त हुने अनुदान रकम,

(ख) कुनै व्यक्ति, वन, संस्थाबाट प्राप्त अनुदान, साहायता वा दान दातव्यबाट प्राप्त रकम,

(ग) वन पैदावार (जैविकविविधता) को विक्रिवितरणबाट प्राप्त रकम,

(घ) उद्योग तथा पर्यापर्यटन सञ्चालनवाट प्राप्त रकम,

(ङ) जरिवानाबाट प्राप्त,

(च) अन्य कुनै श्रोतबाट प्राप्त रकम,

(२) उपभोक्ता समूहको तफर्बाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट गरिनेछ र कोष संचालन तोकिए बमोजिम हुनेछ ।

# परिच्छेद-५

## वन अधिकार संरक्षण सम्बन्धी व्यवस्था

**२१. उपभोक्ता महासंघ गठनः** (१) गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक वन उपभोक्ता समूहहरुको सक्रिय उपस्थितिमा सामुदायिक वन उपभोक्ता महासंघ नेपाल गठन गरिनेछ ।

(२) यसको सञ्चालन, संस्थाको विधान र सांगठानिक व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(ख) विधान र सांगठनिक नियमावलि संस्थाको राष्ट्रिय महाधिवेसनले निर्माण गर्नेछ ।

(ग) नरहरिनाथ गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक वनहरु अनिवार्य रुपमा आबद्ध हुनु पर्नेछ ।

(घ) गाउँसभाले संस्थाको सवलीकरणका लागि उचित बजेटको व्यवस्था गर्ने छ ।

# परिच्छेद-६

## कसूर र सजाय सम्बन्धी व्यवस्था

**२२. वन अधिकारमा प्रतिकूल प्रभाव पार्न नहुने :** कुनै व्यक्ति, वन उपभोक्ता समुह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन विपरित हुनेगरी वन उपभोक्ता वा वन उपभोक्ता समूहको वन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्न हुदैन । तर, आम सार्वजनिक हितको लागि यस ऐनको दफा ११ बमोजिम वन उपभोक्ता समुह वा सम्बन्धित समुदायको स्वतन्त्र, पूर्व सू-सुचित मञ्जुरी लिई नेपाल सरकार वा सम्बन्धित तहको निर्णयले असल मनसायले गरेको कार्यलाई वन अधिकारको प्रतिकूल मानिने छैन ।

**२३. दण्ड सजाय : देहायको काम कारबाही गर्ने गराउनेलाई कसुरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछः-** (१) दफा ४ को उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार

प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई बिगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए वमोजिम जरिवाना हुनेछ ।

(२) दफा ८ बमोजिम वन उपभोक्ता समूहको अनिवार्यरूपमा स्वतन्त्र, पूर्व सू-सुचित मञ्जुरी लिनु पर्नेमा नलिई कुनै कार्य गरे गराएबाट त्यस्तो वन उपभोक्ता समुहलाई पर्न गएको क्षतिको बिचार गरी उचित क्षतिपूर्ति दिनु पर्नेछ र त्यस्तो कार्य गर्ने गराउनेलाई विभागीय सजायको लागि सिफारिस गर्नु पर्नेछ ।

**२४. मुद्दा हेर्ने अधिकारः** (१) यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दा गर्नुपर्ने कारण परेको मितिले ६ महिनाभित्रमा मर्का पर्ने पक्षले स्थानीय तहको न्यायीक समिति समक्ष मुद्दा दायर गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम स्थानीय सरकारको न्यायीक समितिले यस ऐन अन्तर्गत कारवाही गर्दा तोकिए वमोजिमको कार्यविधि अपनाउने र अधिकार प्रयोग गर्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थानीय सरकारको न्यायीक समितिले गरेको निर्णय चित्त नबुझ्ने पक्षले सो निर्णय थाहा पाएको मितिले पैंतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**२५. क्षतिपूर्तिको भराउन सक्ने :** (१) यस ऐन बिपरित कुनै हानीनोक्सानी भएमा सम्बन्धित व्यक्ति वा समुदायले उचित क्षतिपूर्तिका लागि उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको निमित्त परेको उजुरी उपर छानबिन गरी वन अधिकार हनन भए नभएको, समुदाय वा व्यक्तिलाई हानी नोक्सानी पुग्न गएको देखिएमा हानी नोक्सानीको आधारमा हानी नोक्सानी गर्ने पक्षबाट क्षतिपूर्ति बापतको रकम त्यस्तो समुदाय वा व्यक्तिलाई दिलाउन सक्नेछ ।

# परिच्छेद-७

# पारिवारिक निजी वन सम्वन्धी व्यवस्था

२६. **पारिवारिक निजी वन दर्ता** (१) पारिवारिक निजी वनको संरक्षण सम्बर्धन उपयोग व्यवस्थापन गर्न तथा स्वतन्त्ररुपले वन पैदावारको मुल्य निर्धारण गर्ने गरी विक्री वितरण गर्न पाउने गरी स्थानीय सरकारले दर्ता प्रमाण पत्र दिनेछ ।

(२) पारिवारिक निजी वनलाई स्थानीय सरकारले आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउनेछ ।

(३) पारिवारिक निजी वन किसानहरुले स्थानिय सरकारले तोकेको निवेदन सहित नरहरिनाथ गाउँपालिका समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

(४) पारिवारिक निजी वन दर्ता भएको जानकारी संबन्धित व्यक्तिलाई १५ दिन भित्र दिईनेछ ।

(५) पारिवारिक निजी वनको दर्ता स्थानीय तहको सवै भन्दा तल्लो अर्थात वडामा दर्ता गरिनेछ ।

(६) दर्ता भएका पारिवारिक निजी वनहरु धितो राखेर वैंकवाट ऋण लिन सक्ने व्यवस्था गरिनेछ ।

(७) पारिवारिक निजी वन भित्रको काठ कटानी र ओसारपोसार स्थानीय सरकारवाट अनुमती लिएर नेपाल भित्रका कुनै पनि भागमा लगेर विक्रि वितरण गर्न सक्नेछ ।

(८) पारिवाकि निजी वन किसानहरुलाई कृषि वन लगाउन थप प्रोत्साहन गरिनेछ ।

(९) पाविारिक निजी वनका किसानहरुले वनमा आधारित उद्योगहरु स्थापना गर्न चाहेमा स्थानिय सरकारले अनुमती दिनेछ।

(१०) परीक्षण गरिएका विरुवाहरु र छिटो छरितो हुर्कने विरुवाहरु वृक्षारोपण गर्न प्रोत्साहन गर्ने

# परिच्छेद-८

# विविध २७

## नरहरिनाथ गाउँपालिका बाट अनुमति लिनुपर्नेः-

(१) नरहरिनाथ गाउँपालिकाको अनुमति लिई उपभोक्ता समूहले सामुदायिक वनक्षेत्रमा सामुदायिक चिडियाखाना, वन्यजन्तुको व्यावसायीक पालन, समुदायको पहुच भन्दा टाढा रहेको वन सामुदायिक संरक्षण क्षेत्र, पर्यापर्यटन कार्यक्रम जस्ता वनमा आधारित उद्यम वा समुदायमा वन पैदावारजन्य उद्योग संचालन गर्ने, उत्पादन गर्ने, उत्पादिन बस्तु वा वनपैदावार निकासी पैठारी गर्ने र सोबाट लाभ प्राप्त गर्न सक्नेछ ।

(२) वनपैदावारजन्य उद्योगबाट उत्पादित वनपैदावारको निकासी पैठारी वन उपभोक्ता समुहले तोकेको व्यक्तिले गर्न सक्नेछ । त्यसरी निकासी पैठारी गर्दा सोको जानकारी अनिवार्य रूपमा गाउँपालिकालाई दिनु पर्नेछ ।

(३) सामुदायिक वन समूहको दर्ता प्रमाणपत्रका आधारमा सहकारी माफर्त सःमिलका साथै वन पैदावारमा आधारित अन्य उद्यमहरु सञ्चालन सक्ने छन् । यसलाई कुनै दुरिको मापदण्डले असर गर्ने छैन ।

(४) गाउँपालिकाले पारिवारिक निजी वन दर्ता, संरक्षण, संवर्धन, व्यवस्थापन र निर्यातको जानकारी दिएर काम गर्न सक्नेछ ।

## २५. अधिकार प्रत्यायोजन :

(१) नरहरिनाथ गाउँपालिकाका अध्यक्षले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार यस ऐन बमोजिम स्थानीय सरकारले तोकेको व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) असल नियतले गरेको कामको बचाउ : वन उपभोक्ता समिति, क्षतिपूर्ति समिति वा स्थानीय सरकारको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्यपालन गर्दा असल

नियतले गरेको काम कारवाही प्रति निज व्यक्तिगत रूपले जवाफदेही हुने छैन ।

## २६. मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन, क्षतीपूर्ति र राहतको व्यवस्था

(१) मानव वन्यजन्तु बिचको द्वन्द्व व्यवस्थापन गर्न गाउँपालिकाले आवश्यक पहल गर्ने छ ।

(२) मानव वन्यजन्तु द्वन्द्वबाट जन-धन, वाली-नाली तथा पशु-पंक्षी आदिमा हानी नोक्सानी भएमा त्यस बापत राहत र क्षतीपूर्तीको व्यवस्थाका लागि गाउँपालिका स्तरीय राहतकोष स्थापना गरिने छ ।

(३) उपदफा (२) मा तोके बमोजिमको राहत कोषको परिचालन गर्न तथा पिडीतहरुलाई राहत तथा क्षतीपूर्ती वितरणका लागि आबश्यक पर्ने निर्देशिका बनाई कार्यान्वयनमा ल्याइने छ ।

# अनुसुचीहरु

## १. उपभोक्ता समूहको दर्ताका लागि दिइने निवेदन

श्री ...................... ज्यु

नरहरिनाथ गाउँपालिकाको कार्यालय,

नरहरिनाथ गाउँपालिकाको वन ऐन २०८० मा व्यवस्था भए बमोजिम उपभोक्ता समूहको गठन गरी उक्त उपभोक्ता समूह दर्ता गरी पाउन सोको विधान संलग्न गरी पेश गरेका छौं । उपभोक्ता समूहको दर्ता गरी सोको जानकारी पाउँ भनि अनुरोध गर्दछौं ।

**निवेदक**

.............................. उपभोक्ता समूहको तफर्बाट

| क्र.स. | पद | नाम र थर | लिङ्ग | दस्ताखत |
|---|---|---|---|---|
| १. | अध्यक्ष | | | |
| २. | उपाध्यक्ष | | | |
| ३. | सचिव | | | |
| ४. | कोषाध्यक्ष | | | |
| ५. | सदस्य | | | |
| ६. | सदस्य | | | |
| ७. | सदस्य | | | |
| ८. | सदस्य | | | |
| ९. | सदस्य | | | |
| १०. | सदस्य | | | |
| ११. | सदस्य | | | |

नोटः उपभोक्ता समितिमा ५० प्रतिशत महिला, अध्यक्ष सचिव मध्ये एक महिला, उपाध्यक्ष र कोषाध्यक्ष मध्ये एक महिला अनिवार्य हुनुपर्नेछ ।

## २. सामुदायीक वनको लोगो

## २. उपभोक्ता समूह दर्ताको प्रमाण पत्र

स्थानीय सरकार
नरहरिनाथ गाउँपालिकाको कार्यालय,

दर्ता नं.

श्री .................................................. उपभोक्ता समूह

यस स्थानीय सरकारको मिति ................ को निर्णय अनुसार स्थानीय वन ऐनले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समूहलाई दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।

### उपभोक्ता समूहको विवरण

उपभोक्ता समूहको क्षेत्रफल :
घरधुरी संख्याः
कुल जनसंख्याः

### प्रमाण पत्र दिने अधिकारी

नामः
दर्जाः
दस्तखतः
मितिः

यो प्रमाणपत्र हराएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन १०० रुपैया दस्तुर लाग्नेछ ।

## ३.सामुदायिक वन दर्ताको लागि दिइने निवेदन

श्री ................. ज्यु

नरहरिनाथ गाउँपालिकाको कार्यालय,

नरहरिनाथ गाउँपालिकाको वन ऐन २०८० को अधिनमा रही संलग्न वन कार्ययोजना अनुसार सामुदायिक वनको रुपमा संरक्षण सम्बर्धन र सदुपयोग गर्न चाहेकोले देहायको वन क्षेत्र यस उपभोक्ता समूहलाई हस्तान्तरण गर्नु हुन यो निदेदन पेश गरेका छौं ।

प्रस्तावित सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको वनको नाम र ठेगाना:

चार किल्लाः
क्षेत्रफलः
जैविक विविधताः

**निवेदक सामुदायिक वनउपभोक्ता समूहको तफर्बाट**

| क्र.स. | पद | नाम र थर | लिङ्ग | दस्ताखत |
|---|---|---|---|---|
| १. | अध्यक्ष | | | |
| २. | उपाध्यक्ष | | | |
| ३. | सचिव | | | |
| ४. | कोषाध्यक्ष | | | |
| ५. | सदस्य | | | |
| ६. | सदस्य | | | |
| ७. | सदस्य | | | |
| ८. | सदस्य | | | |
| ९. | सदस्य | | | |
| १०. | सदस्य | | | |
| ११. | सदस्य | | | |

## ४. सामुदयिक वन दर्ताको प्रमाण पत्र

नरहिरनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
.................... वन

श्री .................... उपभोक्ता समूह

....................................

नरहरिनाथ गाउँपालिका वन ऐन २०८० को अधिनमा रही देहायको राष्ट्रिय वन क्षेत्र यसै साथ संलग्न कार्ययोजना वमोजिम व्यवस्थापन गरी सदुपयोग र सामुदायिक वनको रुपमा सुम्पिएको छ ।

नाम
चारकिल्ला
क्षेत्रफल
**प्रमाणपत्र दिने अधिकारी**
नाम थर
दस्तखत
मिति

## ५. वन पैदावारको (प्रकार) मुल्य निर्धारण

काठको जात .................
ठुटा ...........................
दाउरा ..................................

## ६. जडिबुटीको नाम र दस्तुर .................

जरा जाती ........................................
फुल र भुवा जाती.................................
गमरेजिन लोहवान जाती.............................
अन्य जडीबुटी........................................

## ७. काठ, दाउरा, खयर र जडिबुटी बाहेक अन्य वन पैदावार

वन पैदावारको नाम .................

## ८. सामुदायिक वन उपभोक्ता समूहको विधान तथा कार्ययोजनामा समावेश हुने कुराहरु:

- जैविक विविधताको अभिलेखिकरण
- पर्यापर्यटन विकास दर्ता निवेदन
- पर्यापर्यटन दर्ता प्रमाण पत्र हस्तान्तरण
- उद्यम दर्ता निवेदन
- उद्यम दर्ता प्रमाण पत्र हस्तान्तरण
- उद्यम नवीकरण
- ऋण मागको लागि निवेदन
- धितो मुल्याङ्गनका लागि निवेदन
- वन्यजन्तु पालनको लागि निवेदन
- वन्यजन्तु पालनका लागि प्रमाण पत्र
- वन्य जन्तु व्यवसाय सन्चालनको अनुमति

(हरेक निवेदनको दस्तुर)

## ९. वन्यजन्तु व्यवसाय गर्दा देहायको योग्यता भएको हुनुपर्दछ

क. सामुदायिक वन उपभोक्ता समुहको सदस्य भएको हुन योग्य हुने छ ।

ख. २१ वर्षउमेर पुरा पुरा भइ

ग. कुनै कानूनले अयोग्य नभएको

घ. पारिवारीक निजी वनको दर्तार व्यवसायिकीकरण

ङ. लालपुर्जाको फोटो कपी

च. व्यक्तिको फोटो

*मुद्रित मूल्य रू. १५।-*

**अज्ञाले**

**युवराज पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**